ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.**
Double Blind Peer Reviewed Research Article

# नेपालमा तबलावादन प्रशिक्षण : अवस्था र चुनौतीहरू

वेङ्कटेश ढकाल#*
#शिक्षक (तबला), ललितकला क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।
*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** ढकाल, वेङ्कटेश (सन् २०२४). नेपालमा तबलावादन प्रशिक्षण : अवस्था र चुनौतीहरू. *Journal of Fine Arts Campus*, 6(2). 29-38. https://doi.org/10.3126/jfac.v6i2.84561

**लेखसार**

१८ औं शताब्दीबाट सिलसिलाबद्ध प्रशिक्षणको सुरुवात भएको तबलावादनमा प्रशिक्षक, प्रशिक्षण एवम् प्रशिक्षार्थी गरी तीनवटा तत्वहरू पनि समावेस रहन्छन् । सिलसिलाबद्ध वादन तथा प्रशिक्षण उ. सिद्धार खाँद्वारा भएको तथ्यमा एकमत भएता पनि तबलावाद्यको अविष्कर्ताका बारेमा मतैक्यता छैन । नेपालमा मध्यकालको अन्त्यबाट तबलावादन भएको अनुमान लगाउन सिकिने आधार रहे तापनि पुष्टि गर्ने प्रमाण भेटिएको छैन । तबलावादन प्रशिक्षणको सुरुवात अनौपचारिक तवरबाट भएको राणाकालीन समयबाट वर्तमान समयसम्म आइपुग्दा औपचारिक तवरबाट प्रशिक्षण लिने प्रचलनमा वृद्धि भएको पाइन्छ । औपचारिक तवरबाट प्रशिक्षण गराइने सरकारीस्तरका संस्थाहरूमा तोकिएको पाठ्यक्रम छ भने  गैरसरकारी, निजीस्तरका अधिकांश संस्थाहरूमा प्रयाग सङ्गीत समिति तथा केहीमा स्वनिर्मित पाठ्यक्रमका आधारमा प्रशिक्षण भएको पाइन्छ । प्रस्तुत आलेख तबलावादन विषयमा प्रत्यक्ष सम्बन्ध राख्ने विविध पक्षका बारेमा तयार गरिएको छ । आलेख तयार पार्नमा प्राथमिक, द्वितीयक एवम् अध्येताको अनुभव पनि यथायोग्य प्रयोग गरी गरी गुणात्मक विधिको उपयोग गरिएको छ । आलेख तयार गरिनुको प्रमुख उद्देश्य नेपालमा तबलावादन प्रशिक्षण तथा यसका अवस्था र चुनौतीहरूका बारेमा सम्बन्धित सबैलाई जानकारी प्रदान गर्नु रहेको छ ।

---

**शब्दकुञ्जी :-** नेपाल, तबलावादन, सङ्गीत प्रशिक्षण, चुनौतीहरू ।

---

## विषयप्रवेश

कुनै पनि विषयको प्रशिक्षणमा प्रमुखतः प्रशिक्षक, प्रशिक्षण एवम् प्रशिक्षार्थी आदि तत्वहरू समावेस हुन्छन् । तबलावादन विधामा पनि यिनै तत्वहरूको उचित सहकार्यबाट सिक्ने सिकाउने कार्यले गतिशीलता प्राप्त गरेको हुन्छ । तबलावाद्यको उत्पत्ति र अविष्कर्ताका बारेमा सुनिश्चितता नभए पनि सिलसिलाबद्ध वादनको सुरुवात तथा प्रशिक्षण १८ औं शताब्दीमा उ. सिद्धार खाँद्वारा भएको थियो । उनीद्वारा प्रवर्तन गरिएको वादनशैली उनका शिष्यहरूबाट प्रचार भए पश्चात् कालान्तरमा घरानाको रुपमा मान्यता पाएको थियो । सर्वप्रथम दिल्लीबाट तबलावादन सुरुवात भएको हुनाले त्यसको नाम दिल्ली घराना रहेको हो (मराठे, सन् १९९१, पृ. १२५) । वादन शैलीमा आएको परिवर्तन अनुसार वर्तमान समयमा तबलावादनको क्षेत्रमा दुई प्रकारका बाज/शैली र ६ वटा घरानाहरू विद्यमान रहेका पाइन्छन् । नेपालमा तबलावादनको सुरुवात नेपाल एकीकरणभन्दा पहिला गोरखा दरवारबाट भएको अनुमान लगाउन सकिने आधार रहे तापनि, पर्याप्त प्रमाण उपलब्ध हुनसकेको छैन । गोरखाका राजा नरभुपाल शाहका दरवारमा भारतीय खयालगायकले गायन प्रस्तुति गरेका (दर्नाल, २०३८, पृ. १५७) समयमा तबलावादन पनि भएको अनुमान लगाउन सकिन्छ । नेपालका सङ्गीत विषयका विद्वान्हरूद्वारा गरिएको हालसम्मको अध्ययनबाट प्राप्त तथ्यहरूका अनुसार शाहकालीन समयबाट दरवारमा प्रवेश पाएको शास्त्रीय सङ्गीत (खयालगायन, सितारवादन एवम् कत्थक नृत्य आदि) विधाले राणाकालीन समयमा अझै व्यापकता पाएको थियो (Pokharel, 2016, p. 60) । राणाकालीन समयमा दरवारहरूमा शास्त्रीय सङ्गीत अधिक उपयोग भएका वखतमा उक्त सङ्गीत शैलीमा सङ्गतका लागि तबलावादन पनि भएको पुष्टि हुन जान्छ ।



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

इतिहासको अध्ययन गर्दा राणाकालीन समयमा सर्वसाधारणका लागि शिक्षाको पहुँच नै सहज थिएन भने सङ्गीत एवम् तबलावादनको प्रशिक्षण हुनु झनै दुर्लभ हुने अनुमान सहजै गर्न सकिन्छ । तर राणाशासकहरूका दरबार तथा भाइभारदारहरूका कोठीहरूमा सङ्गीतका जलसाहरू आयोजना हुने गरेकाले तबलावादनको शिक्षा अनौपचारिक तवरबाट हुने गर्दथ्यो भन्ने तथ्यमा दुईमत नहोला । यसर्थमा सर्वसाधारणका लागी तबलावादनको प्रशिक्षणको सिलसिला भने वि.सं. २००७ सालपछि मात्र सुरुवात भएको तथ्य वि.सं.२०११ सालमा स्थापित नेपाल सङ्गीत महाविद्यालयमा सञ्चालन भएबाट पुष्टि गर्दछ । उक्त महाविद्यालयबाट ३२ जनाले सङ्गीत विषयमा स्नातक तह उत्तीर्ण गरेको उल्लेख प्राप्त भए तापनि (Pokahrel, 2016, p. 71) तबलावादन प्रशिक्षण भएको वा नभएको भन्ने विषयमा कुनै जानकारी प्राप्त हुन सकेको छैन ।

वि.सं. २००७ सालदेखि वर्तमान समयसम्म विभिन्न सरकारी, गैरसरकारी, निजी एवम् अन्तर्राष्ट्रिय स्तरबाट स्थापना भएका संस्थाहरूका माध्यमबाट तबलावादन प्रशिक्षण अभिवृद्धि भएको छ । वि.सं.२०१६ सालमा स्थापना भएको त्रिभुवन विश्वविद्यालय अन्तर्गतका पद्मकन्या बहुमुखी क्याम्पस, रत्नराज्य क्याम्पसहरूमा तबलावादनको आधारभूत प्रशिक्षण दिने गरिन्छ भने ललितकला क्याम्पसको पाठ्यक्रममा मूल विषयका रूपमा पठनपाठन भएको पाइन्छ । विविध तहको अध्ययन अध्यापन गराइने सरकारी शैक्षिक संस्थाहरूमा तबला विषयका लागि तोकिएको पाठ्यक्रम कार्यान्वयनमा रहेको छ भने गैरसरकारी एवम् निजीस्तरका अधिकांश संस्थाहरूमा प्रयाग सङ्गीत समिति एवम् व्यक्तिगत तवरबाट निर्माण भएको पाठ्यक्रम अनुसार तबलावादन प्रशिक्षण हुँदै आएको पाइन्छ । यसै परिप्रेक्षमा नेपाल अन्तर्गत काठमाडौं उपत्यकामा भइरहेको तबलावादन प्रशिक्षण र यसमा के कस्ता चुनौतीहरू विद्यमान रहेका छन् भन्ने विषयवस्तुमा प्रस्तुत आलेख केन्द्रीत रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा, प्राथमिक र द्वितीयक स्रोत आवश्यकतानुसार प्रयोग गरिएका छन् । पूर्वसाहित्यहरूका समिक्षा गर्दै गुणात्मक विधिमा प्रस्तुत लेख तयार पारिएको छ । यस अध्ययनले तय गरेको उद्देश्यलाई सहयोग पुग्ने किसिमले पुर्वप्रकाशित पुस्तकहरू, लेख, पत्रिका, वेभसाइट, अनुसन्धान रिपोर्ट आदिलाई पनि अध्ययनको लागि आवश्यकतानुसार प्रयोग गरिएको छ ।

## तबला विषयको प्रशिक्षणको वर्तमान अवस्था

प्रस्तुत लेखको उद्देश्य वमोजिम नेपालमा तबला विषय प्रशिक्षणको वर्तमान अवस्थाका बारेमा अध्ययनका सम्बन्धमा तल उल्लेखित पक्षहरूमार्फत् चर्चा गरिएको छ : -

**प्रशिक्षणको पद्धति तथा विधिहरू :** सङ्गीत प्रशिक्षणको प्राथमिक उद्देश्य तोकिएको सङ्गीत विधामा कलाकारका रूपमा जनशक्ति निर्माण गर्नु हो । सङ्गीत अन्तर्गतका विभिन्न विधाहरूमा कलाकार बन्नका लागि रूची र सम्भाव्यता भएका व्यक्तिहरू प्रशिक्षणका लागि उत्प्रेरित पाइन्छन् । सङ्गीत अन्तर्गत तबलावादन विधामा कलाकारको प्रतिभा निर्माणको लालसा पुरा गर्ने उद्देश्य लिएर प्रशिक्षण प्राप्त गर्नका लागि संस्था वा प्रसिद्ध व्यक्तिहरू मध्ये आफूलाई पायक पर्ने स्रोत चुन्ने गरिएको पाइन्छ । तबलावादनमा संस्थागत एवम् गुरुशिष्य/घरानेदार गरी दुई प्रकारका प्रशिक्षण पद्धतिहरू प्रचलनमा रहेको पाइन्छ । सङ्गीत तथा अन्य विषयको प्रशिक्षणार्थ प्राचीनकालमा प्रचलनमा रहेको गुरूशिष्य परम्परा नै १८ औं शताब्दीको अन्त्यबाट घरानेदार पद्धतिका रूपमा विकसित भएको हो (मराठे, सन् १९९१, पृ. २९१-२९६) । घरानेदार प्रशिक्षण पद्धतिमा पहिलो चरणमा रचनालाई लयमा मुखाग्र गराउने, त्यसपछि तालको विभाग अनुरूप रचनालाई पढ्न लगाउने अनि मात्र रचनालाई वादन गर्ने गरिन्छ भने लेखन क्रिया घरमा फर्के पछि मात्र हुने गर्दछ (Baithak, 2018) । निश्चित् अवधिमा नबाँधिएको घरानेदार प्रशिक्षण पद्धतिमा एउटा रचना दुरुस्त तवरबाट वादन नहुँदासम्म निरन्तर अभ्यास गराइने गरिन्छ । नेपालमा पनि विभिन्न घरानाका तबलावादकहरूसँग प्रशिक्षण प्राप्त तबलावादकहरूबाट प्रशिक्षण हुँदै आएको पाइएको छ । नेपालका सत्यनारायण चौधरी तथा रामहरी गुरुङ्ग फर्रूखावाद घरानासँग सम्वन्धित छन् भने बनारस घरानासँग सम्वन्धित काली प्रसाद शर्मा, शम्भु प्रसाद मिश्र, होमनाथ उपाध्याय आदि हुन् । वर्तमान समयमा माथि उल्लेख गरिएका तबलावादकहरूसँग प्रशिक्षण प्राप्त गरेका व्यक्तिहरूका शिष्य प्रशिष्यहरूद्वारा नै तबलावादन प्रशिक्षण हुँदै आएको छ ।

तबलावादन प्रशिक्षणमा मुख्यतया शास्त्र, तन्त्र, विद्या र कला गरी चार तत्वहरू रहेका हुने गर्दछन् । शास्त्रले विषयमा उपयोग हुने रचनाहरूको शास्त्रीय पक्षका बारेमा जानकारी प्रदान गर्नुका साथै विधि र निषेधका बारेमा पनि



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ज्ञान प्रदान गर्दछ । तन्त्र अन्तर्गत विभिन्न रचनाकारहरूले गरेका रचनाहरूको वादन कसरी हुनुपर्दछ भन्ने पक्ष पर्दछ भने विद्या अथवा ज्ञान अन्तर्गत ज्ञानी व्यक्तिबाट प्राप्त हुने जानकारी पर्दछ । हरेक विद्यार्थीमा रहेको कलात्मक पक्षको अभिव्यक्ति वादनका क्रममा माथि उल्लेख गरिएका पक्षहरू सहितको प्रशिक्षण पश्चात्को अभ्यासले निर्धारण गर्दछ (Baithak, 2017) । उत्कृष्ट तबलावादक निर्माणका लागि गण्डावन्धन पश्चात् गुरुशिष्य परम्पराबाट प्रदान गरिने तालिमको अपरिहार्यता भएको पक्षमा तबलावादनका क्षेत्रमा पहिचान बनाएका तबलावादक(श्रेष्ठ, २०६६, पृ.१५-१७) तथा अध्येताको पनि मत रहेको छ । तबला विषयको सैद्धान्तिक ज्ञानका लागि संस्थागत शिक्षण पद्धति सक्षम रहेको भएको देखिन्छ । संस्थागत तवरबाट हुने प्रशिक्षणमा रचना दुरुस्त रुपमा वादन भए नभएको विषयमा केन्द्रीत हुने सम्भावना कम रहने गर्दछ । यसका पछाडी संस्थागत रुपमा हुने प्रशिक्षणमा तोकिएको समयमा पाठ्यक्रम पुरा गर्नुपर्ने वाध्यता रहेको पाइएको छ । संस्थागत रुपमा हुने प्रशिक्षणमा माथि उल्लेख गरिएको वाध्यात्मक परिस्थिति रहे तापनि प्रशिक्षक तथा विद्यार्थीहरू यथायोग्य मेहनत गर्दै रहेको पाइन्छ ।

उत्कृष्ट तबलावादक हुनका लागि स्वतन्त्र तबलावादनकासाथै गायन, वादन तथा नृत्यमा उत्कृष्ट तवरबाट सङ्गत गर्न सक्ने क्षमता हुनुपर्दछ । उत्कृष्ट तवरबाट स्वतन्त्र तथा साथ-सङ्गत गर्नका लागी तबलावादक लयमा स्थिर हुनु पर्दछ । यसका लागि लय स्थिर गर्न आवश्यक पर्ने अभ्यास गुरुले आफुसँगै शिष्यलाई राखेर तयार पारेमा फलदायि हुन्छ । त्यसैगरी सङ्गीतका विभिन्न शैलीहरूका साथ वादन गर्ने तरिका, लयकारीको ज्ञान, तयारी एवम् कलाकारहरूको रुचि अनुसार वादन गर्ने क्षमता भएको खण्डमा उत्कृष्ट सङ्गतकारका रूपमा परिचित हुन सकिन्छ । खयाल गायनमा सङ्गत गर्दा तालको ठेका वादन गर्दा सिधासादा तवरवाट वादन गरिन्छ भने शुशीर तथा तन्त्र वादनमा तबलावादकलाई केवल सिधासादा ठेकामात्र नभई अन्य रचना पनि वादन गर्ने अवसर प्राप्त हुन्छ । कत्थक नृत्यको सङ्गतमा भने गायन, शुशीर तथा तन्त्र वादनका साथमा वादन गरेभन्दा फरक हुने गर्दछ । कत्थक नृत्यमा सिधा ठेका तथा आमदका प्रकारहरू, कवित्त, परन लगायतका रचनाहरू कण्ठ गरेर वादनमात्र पर्याप्त हुँदैन । कलाकारद्वारा प्रस्तुत गरेका विभिन्न किसिमका रचना अनुसार सुहाउने किसिमबाट रचना वादन गर्ने क्षमता पनि तबलावादकमा हुनु अत्यावश्यक छ । जस्तै कत्थक नृत्यमा आमद नामक *ता थेइ तत् थेइ । आ थेइ तत् थेइ । थेइ तथे इत थेइ । थेइ थेइ तत् तत् । ता* रचनामा के कसरी वादन गर्ने विषयमा ज्ञान हुनु अत्यावश्यक मानिन्छ । त्यसैगरी प्रिमेलु नामक *तत् तत् ता द्रग । दिं दिं झिझि कत । थो थुरंग...* तथा *तगनग थरीं कुकू झनक झनक*...जस्ता रचनाहरूमा वादन गर्नका लागी विशेष तवरबाट प्रशिक्षणको आवश्यकता पर्दछ । कत्थक नृत्यमा हुने यस प्रकारका रचनाहरूलाई सुहाउने किसिमबाट तुरन्त वादन गर्न सकेमा मात्र उत्कृष्ट सङ्गतकार बन्न सकिन्छ, जसको लागि उत्कृष्ट प्रशिक्षण प्राप्त हुनु जरुरी हुन्छ ।

**घरानेदार पद्धति :** सङ्गीत विधामा घराना भन्नाले त्यस्तो पारिवारिक परम्परा जसमा निश्चित पद्धति, नीति, नियम आदिबाट निर्देशित भएर गायन, वादन र नृत्यको तालिम प्रदान गरिने प्रचलन रहेको हुन्छ, जसमा अविछिन्न रूपमा केही मान्यताहरू चलिआउने गर्दछन् (श्रीवास्तव, सन् २०१०, पृ.४०) । घरानेदार प्रशिक्षण प्रणालीमा शिष्यलाई *दूध दिया अब क्रिमके लिए गण्डाबन्धन करो तब मिलेगा* भन्ने भनाइ व्याप्त रही आएको छ (Parikh, 2018) । यसको आशय गण्डाबन्धन पश्चात् मात्र वादनमा विशिष्टता हासिल गर्ने तवरबाट प्रशिक्षण गराइन्छ भन्ने हुन्छ ।

अध्येता भारतको उत्तर प्रदेश लखनऊ स्थित भातखण्डे विश्वविद्यालयमा (सन् २०१०-२०१५सम्म) तबला अध्ययनको क्रममा रहेको अवस्थामा एक अवसरमा बनारसबाट आएका तबलावादकको वादन देख्दा अचम्ममा परेको थियो । त्यस समयमा हामीहरू ९ मात्रामा विस्तारशील रचना वादन गर्दै थियौं । बनारसबाट आएका वादकले सहसा गरेको प्रस्तुति सुनेर त्यसरी वादन गर्ने क्षमता हामी सबैलाई किन नआएको होला? भनी गुरुलाई सोध्ने क्रममा संस्थागत र घरानेदार तालिममा रहेको फरकका बारेमा उल्लेख गरेका थिए । उनले गरेको उल्लेखका अनुसार तबलावादनमा घरानेदार पद्धतिबाट हुने प्रशिक्षणमा एउटा तालमा अभ्यास गरिएको कुनै पनि रचना अर्को तालमा वादन गर्नु परेको खण्डमा अपनाउनु पर्ने तरिकाका बारेमा दीर्घकालसम्म अभ्यास गराइने प्रचलन रहेको पाइन्छ । त्यसकासाथै एउटै रचनाका माध्यमबाट सुरुवातदेखि नै ताल, लय आदि विषयमा सूक्ष्म तरिकाबाट अवलोकन एवम् तथा लयकारीको दीर्घकालीन अभ्यास गराइने गरिन्छ । यस प्रकारबाट अभ्यास गराइएका कारण घरानेदार पद्धतिबाट प्रशिक्षित विद्यार्थीहरू कुनै पनि तालमा तुरुन्त वादन गर्ने क्षमता राख्ने गरेको पाइन्छ । अध्येता भातखण्डे विश्वविद्यालयमा तबला सिक्ने क्रममा रविनाथ मिश्रले तीनतालको आधारभूत कायदा *धा धा ते टे धा धा तुं ना । ता ता ते टे धा धा धिं ना ॥* पाँच वर्षसम्म निरन्तर अभ्यास गरेको उल्लेख गर्दथे, जसका कारण उनको वादनमा



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.**
Double Blind Peer Reviewed Research Article

निखारता एवम् अगाडि हुने तालिमलाई अत्यन्त सहज भएको पनि उल्लेख गर्दथे । लखनऊ घरानाका प्रतिनिधि तबलावादक स्वपन चौधरीका अनुसार घरानेदार तालिम पद्धतिमा कुनै पनि प्रकृतिका रचनाहरू वादनमा कठिनाइ नहुने किसिमबाट हातको रखाव एवम् औंला सञ्चालनमा विशेष ध्यान पुर्याएर सुरुवातदेखि नै प्रशिक्षण प्रदान गरिन्छ । कुनै पनि घरानामा तबलावादन बाहेक अन्य पक्षमा पनि तालिम गरेका प्रशिक्षकबाट तबलावादनको प्रशिक्षण प्राप्त गरेको खण्डमा विभिन्न घरानाका रचनाहरू वादन गर्न सहज हुने गर्दछ (Baithak, 2020) ।

घरानेदार प्रशिक्षणमा विभिन्न रचना वादन गर्ने क्रममा अपनाउनु पर्ने तरिकाको पनि जानकारी सहित दीर्घकालीन अभ्यास गराइने गरिन्छ । उपयुक्त तवरबाट दीर्घकालीन अभ्यास पश्चात् पनि घरानेदार कलाकारहरू एउटा राग अथवा तालका विभिन्न आयामका बारेमा अधिक जानकारीका लागी घरानाका वरिष्ठ कलाकारहरूको प्रस्तुती श्रवण एवम् अभ्यास गर्दछन् (Baithak, 2023) । वरिष्ठ कलाकारहरूद्वारा उपयोग गरिएको शैलीको तथा निरन्तर श्रवण, चिन्तनका साथमा अभ्यास भइरहने भएका कारण घरानेदार पद्धति अनुसार प्रशिक्षण प्राप्त विद्यार्थीहरू अब्बल दर्जाका कलाकार हुने गर्दछन् । घरानेदार अथवा व्यावसायिक कलाकारहरूका घर परिवारमा अब्बल कलाकारको संस्कार निर्माणका लागी गर्भावस्थादेखि नै तबलावादन श्रवण गराइने गरिएको पाइन्छ । यसका कारण जन्मने बच्चामा श्रवणको विकास सहज तवरबाट हुने गर्दछ । व्यावसायिक कलाकारहरूका घरमा प्रशिक्षणका लागि आउने विद्यार्थीहरूलाई सिकाएको देखेर नै बालबच्चाहरूले वादनक्रिया तथा अधिकांश रचनाहरू प्राप्त गरिसकेका हुन्छन् । श्रवणबाट नै अधिकांश रचनाहरूका बारेमा जानकारी भएका बालबच्चाहरूलाई वादन क्रियामा प्रवेश गराइन्छ । परिवारका सदस्यहरूलाई अन्य विद्यार्थीहरूलाईभन्दा अलग प्रकारबाट तालिम प्रदान गरिन्छ (Banff Centre for Arts and Creativity, 2016) । यसकाकारण उनीहरूको वादन कुनैपनि तालमा प्रभावपूर्ण अनुभव गर्न सकिन्छ ।

घरानेदार प्रशिक्षण पद्धतिमा परिवारका सदस्य वा परिवार बाहिरका व्यक्तिहरूलाई गण्डाबन्धन गरेर प्रशिक्षण दिइन्छ । पुरानो समयमा गण्डाबन्ध शिष्य बनाउनका लागि विद्यार्थीको तीक्ष्णता, लय, समर्पण, मेहनत आदिको सुक्ष्म निरीक्षण गरिन्थ्यो (Baithak, 2018) भने वर्तमान समयमा केहि परिवर्तन पनि आएको पाइएको छ । कलाकारहरूका समाजमा गण्डाबन्ध शिष्यलाई विशेष प्रकारले सम्मानित गर्दै आइएको पाइन्छ । गण्डाबन्धन विषयमा लखनऊको भातखण्डे सङ्गीत विश्वविद्यालयका तकलागुरू मनोज कुमार मिश्रसँग जिज्ञासा राख्दा *घरानाका वरिष्ठ कलाकारहरूलाई निम्ता गरेर पूजा अनुष्ठान आयोजना गरी शिष्यलाई सामुन्नेमा राखेर वादनमा उपयोग हुने सबै प्रकारको गुप्त ज्ञान सहित प्रशिक्षण दिनका लागी विशेष अवसरमा हातमा धागो बाँध्ने प्रक्रिया नै गण्डाबन्धन हो* भनेका थिए । उल्लेखित तथ्यका आधारमा शास्त्रीय सङ्गीत विधामा घरानाको सम्पूर्ण रूपमा तालिम ग्रहण गर्नका लागि गण्डाबन्धनको महत्वपूर्ण स्थान रहेको स्पष्ट हुन्छ । नेपालमा पनि विभिन्न घरानाका तबलावादकहरूसँग तालिम ग्रहण गरेका तबलावादकहरू कियासिल रहीआएका छन् । वार्तालापका कममा नेपालका अधिकांश तबलावादकहरूले विभिन्न घरानाका व्यक्तिहरूसँग तबलावादनको तालिम हासिल गरेका र हासिल गरेका अधिकांश रचनाहरूको प्रयोग दिर्घकालसम्म नभएका कारण वादनमा कठिनाइ भएको विचार व्यक्त गर्ने गरेका छन् । वर्तमान समयमा घरानाको बन्देज पुरानो समयमा जस्तै नरहे तापनि घरानेदार कलाकारहरूको तबलावादन उत्कृष्ट तवरबाट भएको पाइन्छ । त्यसकारण सङ्गीत अन्तर्गतका गायन, तबलावादन एवम् नृत्य विधामा उत्कृष्ट कलाकार निर्माणका लागी खानदानी/घरानेदार शिक्षण पद्धति नै अधिक उपयुक्त रहेको पाइएको छ (Baithak, 2015) ।

**संस्थागत पद्धति** : नेपालमा सरकारी स्तरका त्रिभुवन विश्वविद्यालयका ललितकला केन्द्रीय विभाग, आङ्गिक क्याम्पसहरू ललितकला क्याम्पस, रत्नराज्य क्याम्पस, पद्मकन्या क्याम्पस एवम् सम्बन्धन प्राप्त सिर्जना कलेज अफ फाइन आर्ट्स गरी ४ वटा शैक्षिक संस्थाहरूमा औपचारिक तवरमा तबलावादन प्रशिक्षण हुने गर्दछ । त्यसैगरी गैरसरकारी स्तरका किरातेश्वर सङ्गीतश्रम, कलानिधि इन्दिरा सङ्गीत महाविद्यालय, जयश्री सङ्गीत समाज, अतुल स्मृति गुरुकुल, पण्डित सत्यनारायण चौधरी प्रतिष्ठान, वाद्य शिरोमणि गणेशलाल प्रतिष्ठान लगायत तमाम अन्य गैरसरकारी स्तरबाट सञ्चालित संस्थाहरूमा प्रयाग सङ्गीत समितिको पाठ्यक्रम अनुसार तबला प्रशिक्षण हुने गर्दछ भने निजीस्तरका नाद सङ्गीत पाठशाला, अच्युतराम भण्डारी प्रतिष्ठान, कपन तबला स्कुल लगायत भारतीय तबलावादक समीर डेद्वारा सञ्चालित समीर सङ्गीत समाज र अन्तर्राष्ट्रिय स्तरबाट सञ्चालित विवेकानन्द कल्चरल सेन्टरमा तबलावादनका लागि आफ्नै प्रकारको अनौपचारिक पाठ्यक्रम छ ।



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

नेपालमा संस्थागत रुपमा सङ्गीत प्रशिक्षणमा प्रयोग भएको पाठ्यक्रममा प्रसिद्ध कलाकारहरूबाट वादन भएका ताल तथा रचनाहरू समावेस भएको पाइन्छ । प्रशिक्षकहरू पनि कलाकार नै रहेका छन् । त्यतिमात्र नभई संस्थाहरूमा समेटिएको पाठ्यक्रम क्रियात्मक मात्र नभई सैद्धान्तिक पक्षमा पनि सबल बनाउने किसिमबाट तयार गरिएको देखिन्छ। शिक्षण संस्थाहरूमा सङ्गीत विषयको पाठ्यक्रम तोकिएको सययमा पुरा गर्नुपर्ने बाध्यता रहेको छ । तोकिएको सययमा क्रियात्मक तथा सैद्धान्तिक पक्षको पनि तयारी गर्ने र गराउनु पर्ने वाध्यता प्रशिक्षक तथा विद्यार्थीमा हुने भएका कारण निखारता आउने सम्भावनामा कमि हुने गर्दछ । घरानेदार प्रशिक्षकसँगको प्रशिक्षण पश्चात् कलाकारिता प्रभावशाली मात्र नभई र विभिन्न नयाँ आयामको बारेमा जानकारी हुने कुरा एक अन्तर्वार्तामा उल्लेख गरिएको छ (Parikh, 2018)। उल्लेख गरिएको तथ्यका आधारमा संस्थागत रुपमा उत्कृष्ट ठहरिएका विद्यार्थीलाई पनि प्रभावशाली कलाकार हुनकालागी घरानेदार पद्धति अनुरूप प्रशिक्षण प्राप्त गर्नु अत्यावश्यक हुनसक्ने देखिन्छ ।

शास्त्रीय सङ्गीत अन्तर्गत गायन, वादन एवम् नृत्य विधा पठनपाठन हुने नेपालका विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसहरूमा हुने सङ्गीत विषयको पठनपाठनबाट आर्थिक रुपमा सबल हुन सकेका वा नसकेका भन्ने विषयमा हालसम्म कुनै ठोस अनुसन्धान त भएको छैन तापनि सम्बन्धित शैक्षिक संस्थाहरूले रोजगारीको सुनिश्चितता भने औपचारिक रूपमा दिएका पाइदैन । तर पनि अधिकाधिक सङ्गीतका विद्यार्थीहरू सङ्गीतकर्ममा नै लागेका देखिन्छन् भने केही मात्र यस क्षेत्रबाट पलायन भएका पाइन्छन् । त्यसैगरी सङ्गीत विषयको पठनपाठनमा एकाध बाहेक समय सापेक्ष कुनै परिवर्तन आएको पाइदैन । यसर्थमा वर्तमान समयमा विश्व बजारमा सङ्गीत शिक्षा मार्फत् विशेष प्रभाव पार्न सकिने किसिमबाट पाठ्यक्रमको निर्धारण गरी पठनपाठन गर्नु अत्यावश्यक भइसकेको छ (Regmi, 2022) । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको ललितकला क्याम्पसमा प्रशिक्षणमा प्रयोग भएको पाठ्यक्रमलाई हेर्दा स्वतन्त्र वादन, सङ्गत, रेकर्डिङ्ग तथा अनुसन्धान आदि सबै पक्षमा सिप विकास गराउने किसिमबाट कार्यान्वयन भएको पाइएको छ । तबलावादनमा विभिन्न तह अनुसार विभिन्न घरानाका रचनाहरूका साथै विभिन्न मात्राका तालहरूमा प्रशिक्षण भएको पाइन्छ । प्रशिक्षकहरू पनि तोकिएको समयावधीमा विद्यार्थीहरूको क्षमता अनुसार सक्षम बनाउन प्रयत्नशील भएको पाइएको छ । तबला प्रशिक्षक साथै कलाकारहरूको विश्लेषण अनुसार स्कूल, कलेज र विश्वविद्यालयबाट मात्र सङ्गीत सिकेका व्यक्तिहरू पूर्णरूपमा कलाकार बन्न सक्ने अवस्था निकै कम हुने गरेको विचार (सङ्गत र सम्वाद, सन् २०२१) व्यक्त गरिए तापनि नेपालको परिप्रेक्षमा अधिकांश विद्यार्थीहरू कम आयका वाबजुद पनि सङ्गीत क्षेत्रमा नै कर्मरत पाइएका छन् । सङ्गीत अन्तर्गत तबला विधा पनि आउने भएका कारण तबला विधामा पनि माथि उल्लेख गरिएको तथ्य लागु हुन जान्छ ।

संस्थागत तवरबाट प्रशिक्षणका लागि कार्यान्वयन हुने पाठ्यक्रम तह अनुसार सबै प्रकारका विद्यार्थीको क्षमतालाई सहज हुने अनुमान गरी निर्माण गरिएको हुन्छ । संस्थामा तबलावादन प्रशिक्षण प्राप्त गर्ने उद्देश्य राखेर आएका सबै विद्यार्थीमध्ये कमजोर विद्यार्थी, पहिले नै तबला क्षेत्रमा क्रियाशिल विद्यार्थी, नियमित हुने वा नहुने विद्यार्थी आदिका प्रस्तुतिलाई मूल्याङ्कन गर्ने विधि वा प्रक्रियामा पनि सुधार गर्नुपर्ने देखिन्छ । त्यसैगरी सङ्गीत व्यवस्थापन, बाजाहरूका नियमित मर्मतसम्भार, उचित विद्यार्थीलाई उचित तवरको सुविधा, यथेष्ट छात्रवृत्ति, रोजगारीको सुनिश्चितता आदि पक्षहरूमा सम्बन्धित निकायले समयसापेक्ष पहल गर्नपर्ने देखिन्छ । नेपालमा तबला प्रशिक्षण सरकारी, गैर सरकारी, अन्तर्राष्ट्रीय एवम् निजी स्तरका संस्थाहरूबाट भएको पाइए तापनि गैरसरकारी, अन्तर्राष्ट्रीय एवम् निजी स्तरका संस्थाहरूको तुलनामा सरकारी संस्थाहरूमा तबला प्रशिक्षकहरूका दरबन्दि, पदस्थापना, नियुक्ति प्रक्रिया, स्तरवृध्दि, स्थायित्व आदि पक्षमा अवाञ्छित प्रभावका कारणका कारण स्वयं शिक्षक तथा नियामक निकाय उदासिन रहेका पाइएको छ ।

**प्रशिक्षकहरूको योग्यता तथा स्तर :** अन्य देशहरू झैं नेपाल पनि प्राचीनसमयदेखि नै उत्कृष्टताको खोजीमा अग्रसर रहँदै आएको पाइन्छ । आजको विश्व मन्त्र, तन्त्र हुँदै यान्त्रिक युगसम्म आइपुगेको हो । विद्वानहरूले चर्चा गरे वमोजिम एक गुणी प्रशिक्षकमा हुनुपर्ने ज्ञान, विज्ञान, वचन, प्रयोग सिद्धि, शिष्य निस्पादन, उर्जासिलता, अनुशासन आदि गुणहरू (Baithak, 2017) नेपालका तबला प्रशिक्षकहरूमा पनि उत्तिकै लागु हुन्छ । यस पक्षमा यहाँका यूवा प्रशिक्षकहरूले पनि निरन्तर अभ्यास गरिरहनु आजको आवस्यकता हो । एकातिर संस्थागत प्रणालिमा आधारित प्रशिक्षण कार्यमा विभिन्न विश्वविद्यालयबाट तबला विषयमा उच्च शिक्षा हासिल गरेका प्रशिक्षक संलग्न हुनुपर्ने अनिवार्यता रहेको छ भने अर्कोतर्फ गैरसरकारी संस्थाहरूमा प्रशिक्षकको योग्यताको सम्बन्धमा कुनै ठोस निति-नियमको अवलम्वन हुने गरेको पाइएको छैन ।

**प्रशिक्षणको परम्परा :** नेपालको इतिहासमा अस्तित्वमा आएका गोपाल, महिषपाल तथा किराँती शासकहरूका समयमा सङ्गीत तथा ताल विषयमा के कस्ता कार्यहरू भएका थिए भन्ने प्रामाणिक इतिहास उपलब्ध छैन । सङ्गीत विषयमा भएको अनुसन्धानका अनुसार नेपालमा वाद्यवादनको परम्परा लिच्छवीकालदेखि भएको तथ्य लिच्छवीकालीन शिलालेखमा कुँदिएको *वादित्रगोष्ठी* आदि शब्दले पनि स्पष्ट पार्दछन् । वाद्यवादन गर्ने व्यक्तिहरूको समूहलाई वादित्रगोष्ठी भनिन्छ । लिच्छवीकालीन समयमा वादित्रगोष्ठीको प्रमुख कार्य विभिन्न अवसरहरूमा बाजाहरू वादन गर्नुका साथै वाद्यवादन प्रशिक्षण गराउने पनि रहेको थियो (रेग्मी, २०८०, पृ. १०७) । त्यसैगरी मल्लहरूका शासनकालमा दरवारमा मैथिल ब्राह्मणहरू दरवारमा सङ्गीत प्रशिक्षण गराउँदथे । मल्लकालीन राजाहरू स्वयं पनि साङ्गीतिक जलसामा सहभागि हुने गर्दथे । यसको ज्वलन्त उदाहरणमा सिद्धिनरसिंह मल्ल मृदङ्ग एवम् विणा वादनमा सिद्धहस्त रहेका थिए (रेग्मी, २०८०, पृ.१२४) भन्ने तथ्यबाट पनि प्रष्ट हुन्छ । मृदङ्ग वादनमा सिद्धहस्त रहेको उल्लेख प्राप्त भएबाट उनले प्रशिक्षण पनि पाएका थिए भन्न सकिन्छ । त्यसैगरी नेपालमा राणाशासन कालमा भारतीय तबलावादक लगायत गायक, नर्तकहरू दरबारी कलाकारका रूपमा आश्रित रहेका तथ्य रेग्मीले गरेका अनुसन्धानबाट स्पष्ट भइ नै सकेको छ । उक्त अनुसन्धानमा अध्येताले तत्कालीन राजा, प्रधानमन्त्री तथा दरबारी भाइ भारदारहरू समेत सङ्गीतकलाका सम्मेलन,  प्रस्तुति, तालिम आदि कार्यमा स्वयं सहभागि हुने गरेको पनि उल्लेख गरेका हुनाले शाहकालीन तथा राणाकालीन समयमा केही न केही रूपमा तबला वाद्यको प्रशिक्षण हुने गरेको हुन सक्ने कुरालाई नकार्न सकिँदैन । उदाहरण स्वरूप तबलावादक राधाकृष्ण चनले रवि शमशेर, अरविन्द शमशेर, शशी शमशेर, चुडाराज शमशेर र देवेन्द्र शमशेरलाई तबलावादनको शिक्षा दिएका थिए । जुद्ध शमशेरका दरवारमा रहेका तबलावादक नारायण प्रसादशर्माका पिता कालीप्रसाद शर्माले बनारसका नन्हु सहाय, बीरु मिश्र तथा मौलविराम मिश्रसँग तबलावादनको शिक्षा ग्रहण गरेका र उनले दरवारमा धेरै जनालाई तबलावादनको प्रशिक्षण गराएका थिए ( शाक्य, २०६७ पृ.१०४) । त्यसैगरी बनारसका रामजी मिश्रबाट (पहिलो पोष्ट, २०७३) र अहमदजान थिरकवा एवम् शम्भुप्रसाद मिश्रबाट तबलावादनको शिक्षा दीक्षा ग्रहण गरेका तबलावादक होमनाथ उपाध्यायले नेपालका प्रसिद्ध त्रिभुवन विश्वविद्यालय तथा नेपाल प्रज्ञा प्रतिष्ठानमा तबलावादकका रुपमा कार्य गरेका थिए । नेपालमा मात्र नभई उनले भारत, बंगलादेश, पाकिस्तान, अमेरिका, अस्ट्रिया, फ्रान्स, जर्मनी, स्विट्जरल्याण्ड, तत्कालीन युगोस्लाभिया तथा युनिभर्सिटी अफ क्यालिफोर्नियामा पनि तबलावादनको प्रशिक्षण प्रदान गरेका थिए ।

**प्रशिक्षण विधि :** गुरुशिष्य परम्परामा वा घराना परम्परामा तबला ज्ञान हासिल गर्नको लागि गुरु निवासमा नै विद्यार्थी रहने गर्दछन् । तबलाको ज्ञान लिने, अभ्यास गर्ने आदि कार्यहरू गुरुको प्रत्यक्ष निगरानीमा गुरुले निर्देश गरे वमोजिमको समयमा पूरा गर्नुपर्दछ । यसबाट शिक्षार्थीले तबलावादनको तालिमका साथै नैतिकता, एवम् अनुशासन पनि आत्मसात गर्ने अवसर प्राप्त गर्दछ । संस्थागत रूपमा सिकेको विद्यार्थीको तुलनामा अनुशासन प्रियका साथै नीतिवान पनि हुने गर्दछन् । गुरुशिष्य परम्परामा तबलावादन विषय अन्तर्गतका सबै आयाममा ध्यान पुर्याएर शिक्षण एवम् अभ्यास गराइने कारणले क्रियात्मक पक्षको सम्पूर्ण ज्ञान प्राप्त हुने गर्दछ (पौडेल, २०७७, पृ. ९२-९४) । तर वर्तमान समयमा तबलावादनको तालिम हासिल गर्नका लागि विभिन्न सुविधाहरू उपलब्ध भएका कारण पुरानो समयमाभन्दा वर्तमान समयमा तबलावादनको तालिम सहज हुन गएको छ । प्रविधिको विकासका कारण विश्व प्रसिद्ध तबलावादकहरूद्वारा वादन गरिएका रचनाहरू युट्युब लगायत अन्य सामाजिक सञ्जालमा उपलब्ध हुने दृश्य सामग्रीहरू साविक गतीभन्दा ढिलो गरेर सुन्न र सो तवरबाट अभ्यास गर्न सहज रूपमा सकिने भएको छ । त्यसकासाथै विभिन्न दिग्गज तबलावादकहरूले युट्युब लगायत अन्य सामाजिक सञ्जालमा विभिन्न रचनाहरू वादन गर्ने तरिकाका बारेमा प्रसारण गरेका अनेक दृश्य सामाग्रीहरूबाट समेत तबलावादनको ज्ञान लिन सकिन्छ ।

विश्व प्रसिद्ध तबलावादकहरूले वादन गरेका प्रसिद्ध रचनामा उपयोग भएको बोल तथा तरिका पनि सहजै उपलब्ध गर्न सकिन्छ । वर्तमान समयमा तबलावादन सिक्नका लागि अनेकौं सामाजिक सञ्जालमा पर्याप्त सामाग्री एवम् तरिकाहरू सहजै उपलब्ध भए तापनि उत्कृष्ट रीतले तबलावादन प्रस्तुती गर्नका लागि उपयुक्त किसिमबाट लामो समयको अभ्यास अपरिहार्य रहेको छ (For See Network, 2019) । नेपालमा नयाँ पुस्ताका अधिकांश तबलावादकहरूमा घर, परिवार, समाजप्रतिको उत्तरदायित्व वहन गर्नका लागि वाध्यतावश चाँडै सिक्ने र चाँडै कमाउने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यसले गर्दा तबलावादनको गुणात्मकता अभिवृद्धिका लागि अभ्यासमा ध्यान पुर्याउनु पर्ने अवस्था आएको छ (स्वर मध्यमा, सन् २०२०) ।



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

**विद्यार्थीहरूको स्तर :** तबलावादन प्रशिक्षण लिन आउने विद्यार्थीहरू मुख्यतया दुई किसिमका भएको पाइएको छ । पहिलो किसिमका विद्यार्थीहरूमा प्रसिद्ध कलाकारका रुपमा नाम कमाइ विभिन्न स्थानमा कार्यरत पनि भएका विद्यार्थी पाइएको छ भने दोश्रो किसिमका विद्यार्थीहरूमा सङ्गीतको बारेमा केही पनि ज्ञान नभएका विद्यार्थी हुन्छन् । यी दुबै दर्जाका विद्यार्थीहरूलाई एकै कक्षामा समावेश गरेर प्रशिक्षण प्रदान गर्नु एक शिक्षकको लागि चुनौतिको विषय बन्दै गएको देखिन्छ । त्यसैगरी वर्तमान समयमा प्रशिक्षक तथा विद्यार्थीहरूको मूल्याङ्कन प्रमाणपत्रका आधारमा गर्ने परिपाटी भएका कारण नाम चलेका कलाकारहरू पनि विभिन्न तहको प्रमाणपत्र हासिल गर्नका लागि सङ्गीत पठनपाठन गराइने संस्थामा आकर्षित भएको पाइन्छ । हालको सन्दर्भमा गायन, वादन, नृत्य लगायत तबलावादनको तालिम ग्रहण गर्ने विद्यार्थीहरूमा थोरै ज्ञान हासिल गर्ने बित्तिकै अर्थोपार्जन गर्नेतर्फ अग्रसर हुने गरेको अवस्था देखिएको छ (नेपाल लाइभ, २०७५) । त्यसैकारण एकाध विद्यार्थीहरूका अलावा प्रायजसो विद्यार्थीहरूको उद्देश्य प्रशिक्षण प्राप्त गर्नेभन्दा पनि चाँडो भन्दा चाँडो प्रमाणपत्र हासिल गर्ने अग्रसर भएको पनि पाइएको छ । यस्तो अवस्था नेपालमा मात्र नभइ भारत लगायत अन्य देशमा पनि विद्यमान रहेको छ । तबलावादन मै आधा जीवन समर्पित गरेका तबलावादकका अनुसार तबलावादनमा अगाडि बढ्नका लागि २० प्रतिशत सिक्ने, ४० प्रतिशत श्रवण गर्ने र ४० प्रतिशत अभ्यास गर्नुपर्दछ (स्वर मध्यमा, सन् २०२१)। तर व्यवहारमा तबलावादन सिक्ने स्वदेशी तथा विदेशी दुबै विद्यार्थीहरूमा थोरै सिकेर धेरै उत्पादकत्वको अभिलाषा राख्नेहरूको जमातको बृद्धी भएको पाइन्छ (चिया गफ सन्, २०२१) ।

## तबलावादन प्रशिक्षणका चुनौतीहरू

नेपालमा विभिन्न तवरबाट तबलावादन प्रशिक्षण गर्ने कार्यमा अभिबृद्धि भएसँगै यस विषयमा विभिन्न चुनौतीहरू पनि रहेको पाइएको छ । नेपालमा तबलावादन प्रशिक्षण कार्यमा रहेका समस्या तथा चुनौतीहरूका निराकरण गर्नका लागि प्रशिक्षणको सुरुवातदेखि नै ध्यानपुर्वक कार्यान्वयन गर्नुपर्ने देखिन्छ । वर्तमान समयमा तबलावादनमा क्षेत्रमा निम्न उल्लेखित चुनौतीहरू देखा परेका छन् ।

**प्रशिक्षण शैली :** वर्तमान समयमा परम्परागत गुरुशिष्य प्रणालीमा आधारित शिक्षण प्रणाली ज्यादै कम रहेको अवस्थामा संस्थागत शिक्षण प्रणालीमा बढोत्तरी हुँदै आएको देखिन्छ । सङ्गीत शिक्षण संस्थाहरूमा प्रशिक्षणको विधि मौखिक भन्दा लिखित पध्दतिमा गरिने अभ्यास कार्यावयनमा भएका कारण विद्यार्थीहरूमा साङ्गीतिक रचनालाई लेखेर अध्ययन गर्ने परिपाटी बसेको पाइन्छ । यसले गर्दा उनिहरूको सिर्जनात्मकतामा ह्रास आउनसक्ने सम्भावना बढि देखिन्छ । लेखेर वा देखेर मात्र प्रस्तुति दिने बानिले गर्दा स्मरण क्षमतामा कमि आउँछ र उपज गर्ने क्षमताको विकास हुन सक्दैन। यस्तो समस्याले तबलावादनको साथ-सङ्गत तथा स्वतन्त्रवादन दुबै विधामा प्रत्यक्ष प्रभाव पार्दछ । हाल प्रचलित संस्थागत शिक्षण पध्दतिमा एउटै विद्यार्थीलाई एक भन्दा धेरै प्रशिक्षकले अध्यापन गराउनु पर्ने वाध्यता अर्को समस्याको विषय हो । यसले गर्दा एकाग्र, एकै विधि, एकै प्रकारको ज्ञान प्राप्त गर्नमा कठिनाइ हुने गर्दछ । यसले गर्दा विद्यार्थीको ज्ञानको स्तर सतहि मात्र हुनजान्छ । विद्यार्थीले गहन ज्ञानबाट बञ्चित हुने सम्भावना बढि हुन्छ भने तबला विषयमा वैशिष्ट्यता प्राप्त गर्ने सम्भावना  कम हुने गर्दछ ।

**प्रविधि :** वर्तमान समयमा प्रविधिको उपयोग तबलावादन विधामा अभ्यास, ट्युनिङ्ग लगायत अनेक अवसरमा भएको पाइन्छ । अभ्यास तथा वाद्य यन्त्र चाहिएको स्वरमा मिलाउने (ट्युनिङ्ग) कार्यमा प्रविधिको अधिक प्रयोगबाट भविष्यमा विद्यार्थीहरू बिना प्रविधिको कार्य गर्न नसक्ने पनि हुन सक्छ । प्रविधिको अधिक प्रयोगले फाइदा र बेफाइदा दुबै अवस्था आउँछ । एकातिर वर्तमान समयमा विद्यार्थीहरूले आफुले बजाएको रचना तुरुन्त रेकर्ड गरेर सुन्न पनि सक्दछन्, जसबाट तबलावादनमा सुधार गर्न, विश्वप्रसिद्ध तबलावादकहरूको वादन सहज रुपमा सुन्न, दुर शिक्षा लिन सकिन्छ । यसबाट नेपाल बाहेकका अन्य स्थानमा हुने तबलावादनको प्रभावका बारेमा तुलना गर्न सहज भएको छ । तर गुणात्मक दृष्टिकोणले प्रविधिको प्रयोगबाट हासिल गरेको सङ्गीत शिक्षा भन्दा गुरुको समक्ष प्रत्यक्ष उपस्थित भएर लिइने शिक्षा प्रभावकारी हुने विचार व्याप्त रहेको पाइन्छ । तबला वादनको सन्दर्भमा क्रियात्मक प्रशिक्षण भिडियो कल मार्फत गर्दा सामुन्नेमा बसेर गरेको जस्तो प्रभावकारी हुँदैन (Baithak, 2020) ।

**लगनशीलता र वफादारीता :** उत्कृष्ट रितबाट तबलावादनको निरन्तर साधनाको लागि धैर्यता, इमानदारिता, लगनशीलता र जाँगरको आवश्यकता रहन्छ । वर्तमान समयमा विश्व परिवेशमा छिटो सिकेर छिट्टै सकाउँ भन्ने वातावरणमा रहेका कारण उत्कृष्ट रितबाट तबलावादन गर्न कठिन हुँदै गएको पाइन्छ (महर्जन, २०७८) । वर्तमान


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

समयमा कतिपय विद्यार्थीलाई गुरुको नाम लिन र गुरुप्रति सम्मान व्यक्त नगर्ने र धरातल बिर्सिने संस्कार देखिन थालेको पाइएको छ । त्यसैगरी अलिअलि सिकेर नै रोजगारीको पछि लागिहाल्ने प्रवृत्ति वर्तमान समयका विद्यार्थीहरूमा बढेको पाइएको छ (नेपाल लाइभ, २०७५) । तबलावादन सिक्ने विद्यार्थीहरूमा थोरै सिकेर धेरै उत्पादकत्वको अभिलाषा राख्नेहरूको मात्रा धेरै रहेको पाइन्छ (चिया गफ सन्, २०२१) । विद्यार्थीहरू नियमित तवरबाट तबलावादन प्रशिक्षण नलिने र सिकाएको रचना लामो समयसम्म अभ्यास नगरिकन नयाँ रचना सिक्न लालायित हुने प्रवृत्ति अर्को समस्या हो (स्वर मध्यमा, सन् २०२१) ।

अन्य क्षेत्रका विद्यार्थीहरू झैँ तबला विषयका विद्यार्थीहरूमा पनि समर्पण, भक्ति, मेहनत, वफादारी, समयको पालन आदि गुणहरू हुनु अनिवार्यता हो (Baithak, 2017) । वर्तमान समयमा तबला सिक्ने विद्यार्थीहरू निरन्तर रुपमा प्रशिक्षक परिवर्तन गर्नमा अब्बल रहेको पाइएको छ । यसरी निरन्तर रुपमा प्रशिक्षक परिवर्तनबाट उनीहरूको वादनमा निखार आउन सक्दैन । किनकि प्रशिक्षकले विद्यार्थीको क्षमता एवम् अवस्थाका बारेमा अवलोकन पश्चात् उसको वादनमा निखार उत्पन्न हुने गरी रचनाहरू सिकाउने गर्दछ । केहि समय मै प्रशिक्षक परिवर्तनबाट नयाँ प्रशिक्षकलाई विद्यार्थीको क्षमताको परख गर्न कठिन हुने गर्दछ । त्यसका साथै पुरानो प्रशिक्षक र नयाँ प्रशिक्षकका का अध्यापन विधिमा पनि परिवर्तन हुन्छ, जसले गर्दा विद्यार्थीमा विषय ज्ञान लिनमा अन्यौलता आउन सक्दछ ।कुनै एउटा प्रशिक्षकसँग लामो समय प्रशिक्षण पश्चात् एउटा शैलीका बारेमा पर्याप्त ज्ञान हुनजान्छ ।

**पर्याप्त रोजगारीको कमी** : नेपालमा सङ्गीत विषयलाई अनुत्पादक विषयका रुपमा हेरिने भएका कारण अधिकांश माध्यमिक एवम् उच्च माध्यमिक तहमा सङ्गीत विषय पठनपाठनको सुरुवात आंशिक तवरबाट मात्र भएको छ । त्रि.वि. अन्तर्गतका विभिन्न आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा स्थाई एवम् आंशिक रुपमा सिमित सङ्ख्यामा मात्र तबला शिक्षकको रूपमा रोजगारीको अवसर उपलब्ध रहेको छ । त्रिभुवन विश्वविद्यालय एवम् अन्य सरकारीस्तरका संस्थाहरूमा स्थाई पदपूर्तिका लागि अत्यन्त कम आवेदन माग गरिने गरेको अवस्था अर्को चुनौतिको विषय हो । त्यसैगरी सङ्गीत पठनपाठन हुने क्याम्पसहरूमा आंशिक प्रशिक्षकहरूले अधिकांश कक्षामा अध्यापन गर्दै आएका भए तापनि उनीहरूको पेशागत सुरक्षा नहुनु अर्को समस्याका रुपमा रहेको छ । यस विषयमा त्रिभुवन विश्वविद्यालय लगायत अन्य सम्बन्धित निकायले समयमा नै नीतिगत सुधार गरी स्थाई समाधान खोज्नु अपरिहार्य देखिन्छ ।

तबलावादनमा उत्कृष्ट हुनका लागि गरिएको अथक मेहनत पश्चात् यथेष्ट एवम् दीर्घकालीन तवरबाट रोजगारी उपलब्ध गराउनु पनि एउटा चुनौतीका रुपमा रहेको पाइन्छ । तबलावादन सिक्ने क्रममा समय, मेहनत एवम् लगनशीलता आदि यथेष्ट रूपमा समावेश हुने गर्दछ । सिकेको रचना दुरुस्तरूपमा वादन गर्नका लागि गरिने अभ्यासमा पर्याप्त समयको लगानी भएको हुन्छ । त्यसकासाथै तबला खरिद, मर्मत तथा तालिमका क्रममा रकम खर्च हुने गर्दछ । यस प्रकार तबला विषयका विभिन्न शीर्षकमा रकम तथा समय लगानी हुने गर्दछ । यसरी समय एवम् रकम खर्चेर आर्जन गरेको तबलावादनबाट पर्याप्त रोजगारीको अवसर भएमा तालिम ग्रहण गर्ने व्यक्तिहरू बढ्ने गर्दछन् । त्यसकासाथै तालिम ग्रहण गर्ने व्यक्तिहरूको बृद्धी भए पश्चात् प्रशिक्षकहरूले रोजगारी प्राप्त गर्दछन् । प्रशिक्षण पश्चात् जानकारी एवम् प्रस्तुतीकरणको पर्याप्त अवसर प्राप्त भएमा नव रचना प्रसस्त मात्रामा हुने गर्दछ । नेपालमा सङ्गीत विषयमा उपलब्ध रोजगारीको अवस्थालाई हेर्दा तबलावादन विधा अन्तर्गत सरकारीभन्दा पनि गैरसरकारी तथा स्वतन्त्र रुपमा अधिक रोजगारी सिर्जना भएको देख्न सकिन्छ ।

**अध्ययन एवम् चिन्तनको कमी** : वर्तमान समयमा तबलावादन सिक्ने विद्यार्थीहरूमा अध्ययन, मनन एवम् चिन्तनको कमी रहेको पाइन्छ । तबलावादनमा तालिम ग्रहण र अभ्यासबाट मात्र चाहेको सफलता प्राप्त हुँदैन त्यसका लागि अन्य तबलावादकहरूको वादन शैलीको श्रवण, अध्ययन, चिन्तन एवम् मनन् पश्चात् कार्यन्वयनमा ल्याउनु नितान्त आवश्यक रहेको हुन्छ । त्यसैगरी विभिन्न घरानाका प्रसिद्ध तबलावादकहरूले रचना तथा वादन गरेका विशिष्ट रचनाहरू श्रवण गर्ने र विषयमा चिन्तन गर्न सकेमा विद्यार्थीहरूको तबलावादन अझ उत्कृष्ट तवरबाट हुन सहयोग पुग्दछ । विषय प्रतिको चिन्तनबाट अनेक किसिमका रचना निर्माण गर्नमा सहज हुन्छ भने वादनमा रटेर वादन गरेकोभन्दा नितान्त अलग प्रभावको अनुभव गर्न सकिन्छ ।


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

वर्तमान समयमा विश्व प्रसिद्ध तबलावादकहरूद्वारा वादन गरिएका रचना एवम् शैलीका बारेमा तबलावादकहरू बसेर सुन्ने र छलफल गर्ने प्रचलनको विकास हुन सकेको छैन । नेपालका तबला प्रशिक्षकहरूले विद्यार्थीहरूलाई विशिष्ट श्रेणीका तबलावादकहरूले सङ्गत एवम् स्वतन्त्र वादन गरेका दृश्य सामाग्रीहरू तथा अन्तवार्ता श्रवण गर्दा हुने फाइदाका बारेमा जानकारी गराउनु पर्दछ । तबलावादकहरूले सैद्धान्तिक पक्षलाई सुदृढ पार्नका लागी ग्रन्थ तथा लेखहरूको अध्ययन र उल्लेख गरिएका तथ्यका विषयमा मनन् एवम् विषय प्रतिको चिन्तनलाई विद्यार्थी अवस्थादेखि नै अभ्यासमा लिएर आउनु पर्दछ ।

**निष्कर्ष**

१८ औं शताब्दीबाट सिलसिलाबद्ध वादनको सुरुवात भएको मान्यता प्राप्त तबलावादन प्रशिक्षणमा प्रशिक्षक र प्रशिक्षणार्थीको समानान्तर सहभागिता हुने गर्दछ । नेपालमा वाद्यवादन प्रशिक्षण लिच्छवीकाल वा सो पूर्वबाट भएको पाइन्छ भने नेपाल एकिकरणभन्दा केही पहिलाबाट सुरुवात भएको तबलावादन राणाकालीन समयमा अधिक भएको पाइएको छ । राणाकालीन समयमा शासकहरूका दरबार तथा कोठीहरूमा सङ्गीतका विभिन्न जलसाहरू आयोजना भएकोले त्यस समयमा तबलावादनको शिक्षा अनौपचारिक तवरबाट हुने गर्दथ्यो भन्न सकिन्छ । नेपालमा वि.सं.२००७ सालदेखि वर्तमान समयसम्म विभिन्न सरकारी, गैर सरकारी एवम् अन्तर्राष्ट्रिय स्तरबाट स्थापना भएका संस्थाहरूका माध्यमका साथै निजी तवरबाट पनि तबलावादन प्रशिक्षणमा अभिवृद्धि भएको छ । तबलावादन प्रशिक्षण घरानेदार र संस्थागत दुई तवरबाट हुने गरेको देखिन्छ भने नेपालमा संस्थागत प्रणालिमा आधारित तबला प्रशिक्षण मात्र हुँदै आएको छ । संस्थागत तवरबाट प्रशिक्षित विद्यार्थीहरूमा तबला विषयका सम्बन्धमा श्रवण, चिन्तन, मनन्, साधना आदि कार्यमा वृद्धि गर्दै सकारात्मक संस्कारको विकास गराउनु पर्ने देखिन आएको छ । प्रविधिको विकास भएबाट वर्तमान समयमा तबलावादन विधामा विभिन्न श्रव्यदृश्य सामाग्रीहरू, वादन गर्ने तरिका तथा रचनाहरू सहज रूपमा उपलब्ध भए. तापनि प्रभावित तवरबाट विद्यार्थीहरूमा निष्ठापूर्वक दीर्घकालीन समयसम्म अभ्यास गर्नमा रूची उत्पन्न गराउनु र रोजगारीको पर्याप्त अवसर उपलब्ध गराउने कार्य चुनौतिपूर्ण रहेको पाइएको छ ।

**सन्दर्भ सूची :**

चिया गफ (३०/नोभेम्बर/ सन् २०२१), Pramod Upadhyaya, Musician, Tabla Player. [video]. YouTube. Retrieved on 6/May/2023. https://youtu.be/M4OxcCNnjww .

दर्नाल, रामशरण (२०३८), *सङ्गीत परिक्रमा,* पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

नेपाल लाइभ (२६/माघ/२०७५),*वर्षौंदेखि तबलामा औंला नचाइरहेका वाद्यवादकको कथा,* Retrieved on 19/04/2025. https://nepallive.com/story/42393 .

पहिलो पोष्ट (२२/भदौ/२०७३), *विश्व प्रसिद्ध तबलावादक होमनाथ उपाध्यायको निधन,* Retrieved on 19/04/2025. https://pahilopost.com/content/-20632.html .

पौडेल, परशुराम (कार्तिक/२०७७), शास्त्रीय सङ्गीत परम्परा र नेपाल- एक दृष्टि, *सङ्गीत दृष्टी* (अर्ध वार्षिक पत्रिका), काठमाडौं : नेपाल शास्त्रीय सङ्गीत समाज ।

महर्जन, वर्षा (६/भदौ/२०७८),शास्त्रीय सङ्गीत फास्टफुड होइन, [Video]. *You tube*. Retrieved on 19/5/2023 https://baahrakhari.com/detail/326431.

मराठे, मनोहर भालचन्द्र राव (सन् १९९१), *ताल वाद्य शास्त्र,* भारत : शर्मा पुस्तक सदन ।

रेग्मी, ध्रुवेशचन्द्र (१/असोज/२०७४),सङ्गीतका प्रेरणा तबला गुरु पं. होमनाथ उपाध्याय, *शिक्षक मासिक.* Retrieved on 04/04/2022. https://shikshakmasik.com.

रेग्मी, ध्रुवेशचन्द्र (२०८०), *नेपाली सङ्गीत दरवार, आदिकालदेखि आधुनिक कालसम्म,* काठमाडौं : बुकहिल पब्लिकेसन काठमाडौं ।

शाक्य, राजु (२०६७), *तालज्ञान.* ललितपुर : पं.सत्यनारायण चौधरी स्मृति प्रतिष्ठान ।

श्रेष्ठ, सुमित्रा (२०६६),*नेपालमा तबलाको क्रमिक विकास* , काठमाडौं : सुमित्रा श्रेष्ठ ।

श्रीवास्तव, गिरिशचन्द्र (सन् २०१०),*ताल परिचय, भाग-३,* इलाहाबाद : रुबी प्रकाशन ।

सङ्गत र संवाद (२०/मार्च /सन् २०२१), सङ्गत र संवाद, [Video]. YouTube. Retrived on 9/5/20213. https://youtu.be/h5r0MOr7jNM.



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2024, Volume 6, Issue 2.**
Double Blind Peer Reviewed Research Article

सायमी, प्रकाश(०७/चैत्र/२०७७),शास्त्रीय सङ्गीतमा अर्को पुस्ता खोइ?, *नागरिक दैनिक,* Retrieved on 05/08/2024 https://nagariknews.nagariknetwork.com/arts .

स्वर मध्यमा (१४ सेप्टेम्बर, सन् २०२०), *तबलावादिका सरिता मिश्रसँग संवाद.* [Video]. Retrieved on.13/5/2023. https://www.facebook.com/namuda2067/videos/348184722893497 .

स्वर मध्यमा (१ अक्टोबर, सन् २०२१, ), *पं.समीर डेसँग संवाद.* [Video] Retrieved on 13/5/2023. https://www.facebook.com/watch/?v=569691267635866 .

Banff Centre for Arts and Creativity (3 Jun 2016). *Jazz Talks* [Video]. Retrieved on 05/29/2022 https://youtu.be/akPcLajrVIQ .

Baithak. (25 Aug. 2015, 8th Session). *Dialogue with Pt. Vidyadhar Vyas.* [Video]. YouTube. Retrieved on 06/02/2022 https://youtu.be/tvuNzGr-uuI?si=AYDW6eptDZW3tKm5 .

Baithak (13th May 2017, 25th Session). *Taalyogi Pt. Suresh Talwalkar, Multi-dimensional Artistry of Tabla*. [Video]. YouTube.Retrieved on 02/04/2025 https://youtu.be/UHx-_61KrJE?si=PFu0ihjFf42makdz .

Baithak (23 Feb 2018, 27th Session). *Pandit Yogesh Samsi - Artistry of Punjab Gharana*. [Video]. YouTube. Retrieved on 24/06/2023 https://youtu.be/LsjQP97h1gM.

Baithak (17 Feb. 2020, 43rd session). *Artistry of Tabla - Lucknow Gharana Pt. Swapan Chaudhuri* [Video]. Retrieved on 02/04/2025. https://youtube.com

Baithak (9 Sept. 2023, 47th Session). *Begum Parveen Sultana -Special features of Patiala and Kirana Gharana.* [Video]. YouTube. Retrieved on 20/03/2025 https://youtu.be/q4RVd-wg2r8?si=9j23lqasDJxIiksK .

Classical bug (29 July 2016). Pandit Arvind Kumar Azad - How to accompany Kathak. [Video]. *YouTube.* Retrieved on 24/05/2025 https://youtu.be/MH_nRYChuS8?si=skn-CDNOBa8heiFb .

For See Network (1 March 2019).*बच्चैदेखि तवलासँग रमाएका Achyut Ram Bhandari*. [Video]. *YouTube*. Retrieved on 30/5/2023 https://youtu.be/TYOOEPZkKYY .

Pokharel, R. (2016). *The dynamics of educational tradition of classical music in Tribhuvan University, Nepal*. [Unpublished ph.D. thesis] B.H.U. India.

Parikh, A. (6 Nov. 2018, 31th Baithak). All Inclusive Talim Pt. Ulhas Kashalkar in dialogue with Pandit Arvind Parikh. [Video]. YouTube. Retrieved on 25/05/2025 https://youtu.be/pL2Rq7cnhzM?si=NV0O5ID1HDy9Alfd.

Regmi, D. C. (Dec.2022). Music education in the campuses of Tribhuvan University. *Journal of Fine Arts Campus,* 4(2): 1-10. DOI:10.3126/jfac. v4i2.54834.



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com